(घ) धनगढी उपमहानगरपालिकाको आर्थिक ऐन, २०७५ अनुसार क्लिनिक तथा ल्यावमा रू. १०,०००। तोकिएकोमा प्रचलित कानुन बमोजिम अनुमति प्राप्त क्लिनिक तथा ल्याब व्यवसाय दर्ताका लागि निवेदन पेश गरेमा क्लिनिकका लागि रू. ५०००। र ल्यावका लागि रू. ५०००। करको दर कायम गर्न राजश्व परामर्श समितिको निर्णयानुसार क्लिनिकका लागि रू. ५०००। र ल्यावका लागि रू. ५०००। करको दर कायम गर्ने । साथै तपसिल वमोजिमका शिर्षकहरूमा देहाय बमोजिम करका दरहरू तोकी राजश्व उठाउने र उक्त करका दरहरू नगरसभाबाट अनुमोदन हुने गरी निर्णय गरियो ।

१। टर्की पालन व्यवसाय रू ५००।-
२। तमसुक प्रमाणित रू २००।-
३। वहुउद्येशीय पशुपंक्षी,कृषि व्यवसाय रू २०००।-
४। मदिरा रहित क्याफे रू १५००।-
५। मदिरा सहित क्याफे रू ३०००।-
६। कोल्ड स्टोर रू ७०००।-
७। सुन चांदी गहना बनाउने तालिमका लागि रू ३०००

प्रस्ताव न. ९

इन्डोनेसिया भ्रमणका सम्बन्धमा।

निर्णय न. ९

धनगढी उप-महानगरपालिकाका नगर उप-प्रमुख र डिभिजनल ईन्जिनियरको ईन्डोनेसिया भ्रमणमा गएको बारे जारकारी गराउदै उक्त भ्रमणमा जान मिति २०७५/१०/०२ गतेको नगर प्रमुख बाट सदर भएको टिप्पणी तथा आदेशानुसारको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

प्रस्ताव न. १०

नगर प्रमुख कल्याणकारी कोष स्थापना गर्ने सम्बन्धमा।

निर्णय न. १०

नगर प्रमुख कल्याणकारी कोष स्थापना गर्ने र कोष संचालन कार्यविधि बनाई सोही कोषबाट छात्रवृत्ती, अनाथ असाहय, गरीब स्वास्थ्य सेवा तथा विपद व्यवस्थापन जस्तो कार्यहरुमा खर्च गर्ने गरी संचालन गर्ने निर्णय गरियो।

प्रस्ताव न. ११

व्यवसाय दर्ता तथा नविकरणको कार्यमा कैलाली उद्योग बाणिज्य संघ सँग सहकार्य गर्ने सम्बन्धमा।

निर्णय न. ११

यस नगरपालिका क्षेत्रभित्रका व्यापारीहरूले नगरपालिकामा आफनो व्यवसाय कर नवुझाउने व्यापारीहरूवाट तोकिए वमोजिमको वांकी वक्यौता रकम संकलन गर्नका साथै नगरपालिकामा व्यवसाय दर्ता नगराएका व्यापारीहरूलाई व्यवसाय दर्ता गर्न लगाई करको दायरा भित्र पार्ने गरी स्थलगतमानै इजाजत पत्र दर्ता तथा नविकरण समेत गर्न कैलाली उद्योग वाणिज्य संघको सहकार्य तथा साझेदारीमा राजश्व संकलन वढी भन्दा वढी गरी राजश्वको लक्ष्य प्राप्त गर्नका शिविर/क्याम्प सञ्चालन गरी सहजताका लागि सहकार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२

स्थानीयतहमा कार्यरत स्थायी कर्मचारीहरुलाई समकक्षता निर्धारण गरी स्तरबृद्धि तथा ग्रेड रकमथप गर्ने सम्बन्धमा।